विधेयक संख्याः

अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयक

२०८३

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

उद्देश्य र कारण

नेपालको संविधानको मर्म र भावना अनुकूल नभएका तथा वर्तमान सङ्घीय शासन संरचनाको सन्दर्भमा असान्दर्भिक देखिएका कानूनी तथा संस्थागत प्रावधानहरू खारेज गर्ने, कानूनी दोहोरोपना अन्त्य गर्ने तथा कम समय र लागतमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यले प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्न तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ मा संशोधन गर्न आवश्यक भएको हुँदा यो विधेयक तर्जुमा गरी सङ्घीय संसदमा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

सैद्धान्तिक अवधारणा

कानूनी जटिलता तथा दोहोरपना हटाई कानून कार्यान्वयनको क्रममा देखिएका व्यवहारिक समस्या, अस्पष्ट प्रावधान तथा समयानुकुल सुधारको आवश्यकतालाई सम्बोधन गर्न अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन तथा खारेज गर्न आवश्यक भएको हुँदा प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्न तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ मा संशोधन गर्ने गरी तर्जुमा गरिएको अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न अनुमति प्राप्त भएकोले यो विधेयक सङ्घीय संसदमा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

आर्थिक टिप्पणी

प्रस्तावित विधेयकमा उल्लिखित प्रावधानहरु हाल कार्यान्वयनमा रहेका मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ बमोजिम स्थापित संरचनाबाट सञ्चालन हुने हुँदा यो विधेयक ऐन बनी कार्यन्वयन हुँदा नेपाल सरकारलाई कुनै प्रकारको आर्थिक दायित्व पर्ने देखिँदैन।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृतिको सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१.	मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा २८क. को उपदफा (३) र (४)	नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) जडान गर्नु पर्ने वा नपर्ने गरी तोक्न।	नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) जडान गर्नु पर्ने वा नपर्ने गरी मापदण्ड तोकिने।	नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधनमा एकीकृत भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) जडान भई ढुवानीका साधनको अनुगमनमा सहजता आउने।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

व्याख्यात्मक टिप्पणी

नेपालको संविधानको मर्म र भावना अनुकूल नभएका तथा वर्तमान सङ्घीय शासन संरचनाको सन्दर्भमा असान्दर्भिक देखिएका कानूनी तथा संस्थागत प्रावधानहरू खारेज गर्ने, कानूनी दोहोरोपना अन्त्य गर्ने तथा कम समय र लागतमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न प्रचलित केही नेपाल ऐनलाई संशोधन र खारेज गर्न आवश्यक देखिएको छ।

प्रस्तावित विधेयकमा प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ मा संशोधन गर्ने उद्देश्य राखिएको छ।

यस विधेयकबाट प्रस्तावित संशोधन तथा खारेजी मूलतः प्रचलित कानूनमा रहेको दोहोरोपना हटाई कानूनी व्यवस्थालाई स्पष्ट, व्यवस्थित र समयसापेक्ष बनाउने प्रकृतिको रहेको तथा मूल ऐनको आधारभूत संरचना र उद्देश्यमा तात्विक परिवर्तन नगरेको हुँदा थप विस्तृत व्याख्या आवश्यक नदेखिएको व्यहोरा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

<u>अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : अर्थ सम्बन्धी प्रचलित केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस ऐनको नाम "अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्ने ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन</u> :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २८ पछि देहायको दफा २८क. थपिएको छ :-

"२८क. **<u>अनुगमन प्रणालीमा प्रविष्ट गर्नु पर्ने</u> :** (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनका लागि "ढुवानीको साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने यात्रुबाहक साधन, मालसामान ओसारपोसार गर्ने काममा

प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्र्याक्टर सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागले तोकेको कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ।

(३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी आफ्नो ढुवानीको साधनमा जडान गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने ढुवानी साधनमा भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) जडान गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ।

(५) यस दफा बमोजिमको विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा प्रविष्ट भए नभएको सम्बन्धमा विभागले नियमित

रुपमा अनुगमन गर्न वा गराउन सक्नेछ।

(६) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधन धनी वा त्यसको प्रयोगकर्तालाई कर अधिकृतले पहिलो पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"

३. **<u>आयकर ऐन, २०५८ मा संशोधन</u> :** आयकर ऐन, २०५८ को,-

(१) दफा २ को खण्ड (त१) पछि देहायको खण्ड (त२) थपिएको छ :-

"(त२) "गैरकर" भन्नाले प्रचलित कानून बमोजिम लाग्ने शुल्क, दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिबाना वा साँवा फिर्ता रकम सम्झनु पर्छ र सो शब्दले त्यस्तो रकममा लाग्ने व्याजलाई समेत जनाउँछ।"

(२) दफा ७२. पछि देहायको दफा ७२क. थपिएको छ :-

"**७२क. <u>गैरकर निर्धारण तथा असुल गर्ने</u> :** (१) प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने गैरकर नतिरेको वा

नबुझाएको विषयमा नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही महानिर्देशकले छानबिन तथा अनुसन्धान गरी गैरकर निर्धारण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन तथा अनुसन्धानबाट थप गैरकर दायित्व निर्धारण हुने भएमा त्यस्तो थप गैरकर रकमको शतप्रतिशत जरिबाना गरी असुल गरिनेछ।

(३) गैरकर नतिरेको वा नबुझाएको विषयको छानबिन तथा अनुसन्धान र गैरकर निर्धारण समबन्धी कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।

(३) दफा ११४ को उपदफा (१) को खण्ड (क१) पछि देहायको खण्ड (क२) थपिएको छ :-

"(क२) दफा ७२क. को उपदफा (१) वा (२) बमोजिम महानिर्देशकले गैरकर निर्धारण सम्बन्धमा गरेको निर्णय,"

४. **<u>भन्सार ऐन, २०८२ मा संशोधन</u>** : भन्सार ऐन, २०८२ को,-

(१) दफा ४ को खण्ड (ख) मा रहेका "गराई विभागको कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान गरी प्रतिवेदन पेस गर्न लगाउने" भन्ने शब्दहरुको सट्टा "दिई विभाग वा मातहतको कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान तथा कारबाही गर्न लगाउने" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १३ को उपदफा (१) मा रहेका "परीक्षण गर्ने" भन्ने शब्दहरु पछि "भन्सार तथा भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १४ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) भन्सार क्षेत्र वा भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने वस्तुको चोरी निकासी वा पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने,"

५. **<u>खारेजी र बचाउ</u> :** (१) देहायका ऐन तथा नियमावली खारेज गरिएका छन् :-

(क) प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३

(ख) नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४

(ग) आय टिकट दस्तुर ऐन, २०१९

(घ) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

(ङ) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५

(च) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत राजस्व अनुसन्धान विभागमा दर्ता भई विभागबाट अनुसन्धान भइरहेका वा अनुसन्धान पूरा भए तापनि मुद्दा दायर हुन बाँकी रहेका देहायका विषयसँग सम्बन्धित उजुरी देहाय बमोजिमका निकायमा सर्नेछन् :-

(क) आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र गैरकर सम्बन्धी विषय आन्तरिक राजस्व विभागमा,

(ख) चोरी निकासी वा पैठारी सम्बन्धी विषय भन्सार विभागमा,

(ग) विदेशी विनिमयसँग सम्बन्धित कसूरको हकमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११क. बमोजिम तोकिएको अनुसन्धान अधिकारीमा।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत राजस्व अनुसन्धान विभागमा रहेका अभिलेखलाई नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णय बमोजिम तत् तत् निकायमा सर्ने गरी व्यवस्थापन गरिनेछ।

अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयकको तीन महले विवरण

क्र.सं.	ऐनको दफा/ उपदफा/ खण्ड	हालको कानूनी व्यवस्था	संशोधनका लागि प्रस्तावित कानूनी व्यवस्था	संशोधनको कारण
१.	नभएको	मूल्य अभिवृद्धि कर ऐन, २०५२ कार्यान्वयनमा रहेको।	मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २८ पछि देहायको दफा २८क. थपिएको छ :- **२८क.<u>अनुगमन प्रणालीमा प्रविष्ट गर्नु पर्ने</u>** : (१)	खारेजीका लागि प्रस्तावित राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा रहेको व्यवस्थालाई कायम गरी कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट

			कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामानको ढुवानी गर्दा सोको विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा प्रविष्ट गरी ढुवानी गर्नु पर्नेछ । <u>**स्पष्टीकरण**</u> : यस दफाको प्रयोजनका लागि “ढुवानीको साधन” भन्नाले यान्त्रिक	मात्र सामग्री ढुवानी गरी ढुवानीलाई सुरक्षित बनाउनु आवश्यक रहेको ।

			शक्तिबाट चल्ने यात्रुबाहक साधन, मालसामान ओसारपोसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनि ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान तथा ट्र्याक्टर सम्झनु पर्छ। (२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागले तोकेको कागजात	

			ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ । (३) नेपालभित्र दर्ता भएको वा दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी आफ्नो ढुवानीको साधनमा जडान गर्नु पर्नेछ ।	

			(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै स्थानमा चल्ने ढुवानी साधनमा भू-अवस्थिति देखाउने चालु अवस्थाको यन्त्र (जिपिएस डिभाइस) जडान गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ। (५) यस दफा बमोजिमको विवरण वेबमा	

			आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा प्रविष्ट भए नभएको सम्बन्धमा विभागले नियमित रुपमा अनुगमन गर्न वा गराउन सक्नेछ। (६) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीको साधनको धनी वा त्यसको प्रयोगकर्तालाई कर	

			अधिकृतले पहिलो पटकको लागि पचास हजार रुपैयाँसम्म र त्यसपछि पटकै पिच्छे एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।	
२	नभएको	आयकर ऐन, २०५८ कार्यान्वयनमा रहेको।	आयकर ऐन, २०५८ को दफा २ को खण्ड (त१) पछि देहायको खण्ड (त२) थपिएको छ :- “(त२)“गैरकर” भन्नाले प्रचलित कानून बमोजिम लाग्ने शुल्क, दस्तुर, सेवा	खारेजीका लागि प्रस्तावित राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा रहेको गैरकर सम्बन्धी व्यवस्थालाई सम्बोधन गर्न आवश्यक रहेको।

			शुल्क, रोयल्टी, लाभांश, जरिबाना वा साँवा फिर्ता रकम सम्झनु पर्छ र सो शब्दले त्यस्तो रकममा लाग्ने व्याजलाई समेत जनाउँछ।”	
३.	नभएको		आयकर ऐन, २०५८ को दफा ७२. पछि देहायको दफा ७२क. थपिएको छ :- **७२क.<u>गैरकर निर्धारण तथा असुल गर्ने</u>** : (१) प्रचलित कानून बमोजिम	गैरकर निर्धारण तथा असुली सम्बन्धी विषयलाई थप स्पष्ट गर्न वाञ्छनीय भएको।

			तिर्नु बुझाउनु पर्ने गैरकर नतिरेको वा नबुझाएको विषयमा नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही महानिर्देशकले छानबिन तथा अनुसन्धान गरी गैरकर निर्धारण गर्न वा गराउन सक्नेछ। (२) उपदफा (१) बमोजिमको छानबिन तथा अनुसन्धानबाट थप गैरकर	

			दायित्व निर्धारण हुने भएमा त्यस्तो थप गैरकर रकमको शतप्रतिशत जरिबाना गरी असुल गरिनेछ। (३) गैरकर नतिरेको वा नबुझाएको विषयको छानबिन तथा अनुसन्धान र गैरकर निर्धारण समबन्धी कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।	

४.	नभएको		आयकर ऐन, २०५८ को दफा ११४ को उपदफा (१) को खण्ड (क१) पछि देहायको खण्ड (क२) थपिएको छ :- (क२) दफा ७२क. को उपदफा (१) वा (२) बमोजिम महानिर्देशकले गैरकर निर्धारण सम्बन्धमा गरेको निर्णय,	गैरकर निर्धारण सम्बन्धमा प्रशासकीय पुनरावलोकन गर्न सक्ने विषय समावेश गर्न आवश्यक भएको।

५.	भन्सार ऐन, २०८२ को दफा ४ को खण्ड (ख)	(ख) कार्यालयबाट जाँचपास भइसकेको कुनै वस्तु भन्सार क्षेत्रबाट बाहिर लैजानु अघि वा लगिसकेपछि त्यस्तो वस्तुको सम्बन्धमा भएको मूल्याङ्कन,	भन्सार ऐन, २०८२ को दफा ४ को खण्ड (ख) मा रहेका "गराई विभागको कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान गरी प्रतिवेदन पेस गर्न लगाउने भन्ने शब्दहरुको सट्टा "दिई विभाग वा मातहतको कुनै अधिकृतलाई त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान तथा कारबाही गर्न	भन्सार चुहावट सम्बन्धी अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन वाञ्छनीय भएको।

		वर्गीकरण, महसुल निर्धारण जस्ता विषयमा कुनै सूचना प्राप्त भएमा वा शङ्का लागेमा सो कुराको जानकारी घोषणाकर्तालाई गराई विभागको कुनै अधिकृतलाई	लगाउने" भन्ने शब्दहरु राखिएका छन्।	

		त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच गर्न वा आवश्यक अनुसन्धान गरी प्रतिवेदन पेस गर्न लगाउने,		

६.	भन्सार ऐन, २०८२ को दफा १३ को उपदफा (१)	(१) कार्यालयबाट जाँचपास भएको कुनै वस्तु घोषणाकर्ताले घोषणा गरेअनुरूपको भए, नभएको वा त्यस्तो वस्तु यस ऐन वा भन्सार महसुलसम्बन्धी	भन्सार ऐन, २०८२ को दफा १३ को उपदफा (१) मा रहेका "परीक्षण गर्ने" भन्ने शब्दहरु पछि "भन्सार तथा भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने" भन्ने शब्दहरु थपिएका छन्।	भन्सार तथा भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने वस्तुको चोरी निकासी पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक भएको।

		प्रचलित कानूनबमोजिम महसुलमा दिएको सुविधाबमोजिम प्रयोग गरे, नगरेको सम्बन्धमा यकिन गर्न जाँचपास पछिको परीक्षण गर्ने कार्यको		

		लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ।		

७.	नभएको	भन्सार ऐन, २०८२ कार्यान्वयनमा रहेको।	भन्सार ऐन, २०८२ को दफा १४ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :- "(ङ१) भन्सार क्षेत्र वा भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने वस्तुको चोरी निकासी वा पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने,"	भन्सार क्षेत्र वा भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने वस्तुको चोरी निकासी वा पैठारी नियन्त्रणका लागि आवश्यक चेकजाँच, अनुसन्धान तथा कारबाही गर्ने विषयलाई थप व्यवस्थित गर्न आवश्यक भएको।

८.	नभएको	प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९,	६. **<u>खारेजी र बचाउ</u>** : (१) देहायका ऐन तथा नियमावली खारेज गरिएका छन् :- (क) प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३ (ख) नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ (ग) आय टिकट दस्तुर	• संविधानको अनुसूचीले प्रदेश र स्थानीय तहको विकास योजनाको अधिकार पूर्ण रूपमा प्रदेश सरकार र स्थानीय सरकारलाई दिएको र पुरानो ऐनले परिकल्पना गरेका संरचना (क्षेत्रीय कार्यालय, जिविस) अहिले अस्तित्वमा नरहेकोले प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३ खारेजीको प्रस्ताव गरिएको।

		राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण)	ऐन, २०१९ (घ) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (ङ) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ (च) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण)	• मुद्रा निष्कासन, चलनचल्ती र नियन्त्रण सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले समेटेको साथै विनिमय नियमित गर्ने ऐन र राष्ट्र बैंक ऐन भएको अवस्थामा यो ऐनले कानूनी अस्पष्टता र अन्यौलता सिर्जना गर्न सक्ने भएकोले नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ खारेजीको प्रस्ताव गरिएको । •डिजिटल अर्थतन्त्रसँग असंगत

		नियमावली, २०७० प्रचलनमा रहेका छन्।	नियमावली, २०७० (२) यो ऐन प्रारम्भ हुँदाका बखत राजस्व अनुसन्धान विभागमा दर्ता भई विभागबाट अनुसन्धान भइरहेका वा अनुसन्धान पूरा भए तापनि मुद्दा दायर हुन बाँकी रहेका देहायका विषयसँग सम्बन्धित उजुरी देहाय बमोजिमका निकायमा सर्नेछन् :- (क) आयकर,	रहेको, झन्झटिलो र समय खपत गर्ने भएको र राजस्वमा योगदान न्यून रहेकोले आय टिकट दस्तुर ऐन, २०१९ खारेजीको प्रस्ताव गरिएको। • आन्तरिक राजस्व विभाग, भन्सार विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागको अधिकार क्षेत्र उस्तै भई काममा दोहोरोपना सिर्जना भएको, उद्यमी, व्यवसायी र

			अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र गैर कर सम्बन्धी विषय आन्तरिक राजस्व विभागमा, (ख) चोरी निकासी वा पैठारी सम्बन्धी विषय भन्सार विभागमा, (ग) विदेशी विनिमयसँग सम्बन्धित कसूरको हकमा विदेशी	निजी क्षेत्रबाट अनावश्यक प्रक्रियागत जटिला सिर्जना भएको भनी बारम्बार गुनासो समेत आउने गरेको र आर्थिक सुधारको रणनीतिक तथा विश्वसनीय व्यावसायिक वातावरण सिर्जना गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ खारेजीको प्रस्ताव गरिएको। • बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले सबै

			विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११क. बमोजिम तोकिएको अनुसन्धान अधिकारीमा। (३) यो ऐन प्रारम्भ हुँदाका बखत राजस्व अनुसन्धान विभागमा रहेका अभिलेखलाई नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णय बमोजिम तत् तत्	वित्तीय मध्यस्थता र लघुवित्तका कार्यहरू सञ्चालन गर्ने भएको, नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले लघुवित्त र वित्तीय मध्यस्थताको नियमन गर्ने अधिकार राष्ट्र बैंकलाई स्पष्ट रूपमा दिएको र सहकारी ऐन, २०७४ ले साना बचत र ऋणका कार्यहरू अहिले सहकारी मार्फत वा "घ" वर्गका लघुवित्त मार्फत व्यवस्थित गरेकोले वित्तीय

			निकायमा सर्ने गरी व्यवस्थापन गरिनेछ।	मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ खारेजीको लागि प्रस्ताव गरिएको। •राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ खारेजीको प्रस्ताव गरिएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० राखिरहन उपयुक्त नभएकोले खारेजीको प्रस्ताव गरिएको।